# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

## कर्मचारी मागसम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/१७ गते*

गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश पोखराको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस मन्त्रालयको मिति २०८१/०४/१५ गते (मा.मन्त्रीस्तर) को निर्णानुसार स्वीकृत भएका: मन्त्रालयमा रहेको अपाङ्गता सहायता कक्ष स्थापना तथा संचालन सम्बन्धी मापदण्ड, २०८१, लैङ्गिक हिंसा विरुद्धको नि:शुल्क हटलाइन सेवा संचालन सम्बन्धी मापदण्ड, २०८१, आप्रवासी स्रोतकेन्द्र/उपकेन्द्रमा सूचना तथा परामर्शकर्ता परिचालन सम्बन्धी मापदण्ड, २०८१ र युवा स्वयंसेवक अभिमुखीकरण प्रशिक्षण र परिचालनसम्बन्धी मापदण्ड, २०८१ बमोजिम निम्नानुसारका पदहरुको लागि सेवा करारबाट कर्मचारी व्यवस्थापन गरिने भएकोले गण्डकी प्रदेश भित्रका १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका इच्छुक उम्मेदवारहरुले मिति २०८१/०४/२३ गते सम्म तपसिल बमोजिमका कागजातहरु सहित यस मन्त्रालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो  सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि.नं | माग पद र संख्या | उम्मेदवारहरुले पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १. | १. माग गरेको पद:- हेल्पडेस्क सहायक, सहायकस्तर चौथो (महिला)<br>२. माग पद संख्या:- १ (एक) | १. सम्बन्धित व्यक्तिको निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि<br>४. कम्तीमा ३ महिनाको सांकेतिक भाषासम्बन्धी तालिम प्राप्तको प्रमाणपत्रको प्रतिलिपि<br>५. अपाङ्गताको क्षेत्रमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको विवरण खुल्ने प्रमाणित कागजात |
| २. | १. माग गरेको पद:- हटलाइन सहायक, सहायकस्तर चौथो (महिला)<br>२. माग पद संख्या:- १ (एक) | १. सम्बन्धित व्यक्तिको निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि<br>४. कम्तीमा ६ महिनाको मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि<br>५. लैंगिक हिंसा न्यूनीकरणको क्षेत्रमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको विवरण खुल्ने प्रमाणित कागजात |
| ३. | क. माग गरेको पद: सूचना तथा परामर्शकर्ता (सहायकस्तर पाँचौ)<br>ख. माग पद संख्या: १४ जना<br>आप्रवासी स्रोत केन्द्रहरु नवलपरासी बर्दघाट सुस्ता पूर्व १ जना, गोरखा १ जना, तनहुँ १ जना, लमजुङ १ जना, कास्की १ जना, स्याङ्जा १ जना, पर्वत १ जना, बागलुङ १ जना र म्याग्दी १ जना गरी ९ जना<br>आप्रवासी स्रोत उप केन्द्रहरु  वालिङ स्याङ्जा १ जना, लेखनाथ कास्की १ जना, हुवास पर्वत १ जना र बुर्तिबाङ बागलुङ १ जना गरी ४ जना सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय १ जना | १. सम्बन्धित व्यक्तिको निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि<br>४. सुरक्षित वैदेशिक रोजगारीको क्षेत्र वा सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको विवरण खुल्ने प्रमाणित कागजात<br>५. कम्प्युटरसम्बन्धी दक्षता हासिल गरेको प्रमाणपत्र |
| ४. | क. माग गरेको पद:- युवा स्वयंसेवक (सहायस्तर पाँचौ)<br>ख. माग पद संख्या:- २ जना | क. सम्बन्धित व्यक्तिको निवेदन<br>ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>ग. मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि |